# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार,काठमाडौं।


## राष्ट्रिय युवा परिषद्को उपाध्यक्ष पदका लागि दरखास्त आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।९।२८

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अनुसार गठित परिषद्को उपाध्यक्ष सिफारिस समितिले राष्ट्रिय युवा परिषद्को उपाध्यक्ष नियुक्तिको लागि योग्यता पुगेका व्यक्तिमध्येबाट तीन जना व्यक्तिको नाम युवा तथा खेलकुद मन्त्रालयमा सिफारिस गर्नुपर्ने भएकोले ऐनको दफा २० को उपदफा (२) बमोजिमको योग्यता र अनुभव पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (२०८२।१०।०४ गतेसम्म) सिफारिस समितिको सचिवालय नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबारमा कार्यालय समयभित्र दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्तका साथ पेस गर्नुपर्ने कागजातहरु, दरखास्त फारमको नमूना, कार्ययोजनाको सम्भावित खाका, मूल्याङ्कनका आधारहरु र अन्य जानकारीको लागि युवा तथा खेलकुद मन्त्रालयको वेभसाइट www.moys.gov.np मा हेर्नुहुन अनुरोध छ । यस सम्बन्धमा थप जानकारी लिनु परेमा युवा तथा खेलकुद मन्त्रालयको फोन नं ०१-४२००५४०, ०१-४२००५४२, ९८५१३१९५४२ मा सम्पर्क गर्न सकिनेछ ।